LIVING ON THE EDGE™

प्रभावशाली मन्डली

चेलाको वृत्तान्त

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 1 5/16/2025 12:50:30 PM

LIVING ON THE EDGE™

लिभिङ अन द एजबारे

खिस्टियनहरूलाई खिस्टियन जस्तै भएर जिउन मदत गर्ने हेतुले **लिभिङ अन द एज** अस्तित्वमा रहेको हो। यो १९९५ मा पास्टर तथा लेखक चिप इन्ग्रामको रेडियो सेवाकार्यको रूपमा स्थापित भएको थियो। त्यस बेलादेखि परमेश्वरले यसलाई विश्वव्यापी चेलापनसम्बन्धी सेवाकार्यमा वृद्धि गराउनुभएको छ। लिभिङ अन द एजले संसारभरिका सबै खिस्टियनलाई येशूका परिपक्व चेलाहरू बन्नका लागि मदत गर्न शिक्षण, तालिम र चेलापनसम्बन्धी सामग्रीहरू जुटाउने काम गर्छ।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 2 5/16/2025 12:50:30 PM

प्रभावशाली
मन्डली

विषयसूची

सत्र १ .... **पृष्ठ ४**
आरम्भ

सत्र २ .... **पृष्ठ १६**
परमेश्वर मबाट के चाहनुहुन्छ ?

सत्र ३ .... **पृष्ठ २२**
म मेरो जीवनका लागि परमेश्वरको सर्वोत्तम कुरो कसरी प्राप्त गर्न सक्छु ?

सत्र ४ .... **पृष्ठ २८**
मेरो जीवनका लागि परमेश्वरको उद्देश्य के हो ?

सत्र ५ .... **पृष्ठ ३६**
म कसरी समुदायको अनुभव गर्छु ?

सत्र ६ .... **पृष्ठ ४२**
मप्रति लक्षित दुष्ट्याइँलाई म कसरी जित्न सक्छु ?

सत्र ७ .... **पृष्ठ ४८**
अब के गर्ने ?

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 3 5/16/2025 12:50:30 PM

प्रभावशाली मन्डली

आरम्भ

सत्र एक

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 4 5/16/2025 12:50:31 PM

१. आज हामी किन यहाँ छौँ ?

क. परमेश्वरलाई __महिमा दिन__ ।

> मसँगै परमप्रभुको महिमा गरौँ, हामी मिलेर उहाँको नाम उच्च पारौँ।
>
> भजनसङ्ग्रह ३४:३

ख. परमेश्वरको नजिक __बढ्न__ ।

> हामी निष्कपट हृदयले र विश्वासले ल्याउने पूर्ण निश्चयसाथ परमेश्वरको नजिक जाऔँ ...
>
> हिब्रु १०:२२

ग. चेला बनाउनका लागि बाइबलीय रणनीति __प्राप्त गर्न__ ।

> यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ।
>
> मत्ती २८:१९-२०

संलग्न हुनुहोस् – छलफल

१. ३–५ जनाको समूह बनाई सङ्क्षिप्त रूपमा आआफ्नो परिचय दिनुहोस्। हामीसँगसँगै समय बिताउँदै गर्दै तपाईं के आशा गर्नुहुन्छ ?

२. तपाईंका छोराछोरीहरू (वा भावी छोराछोरीहरू) का लागि तपाईंका के कस्ता सपना छन् ?

२. तपाईंको मन्डलीका लागि परमेश्वरको सपना

क. प्रत्येक आमाबाबुले आफ्ना छोराछोरीहरूका लागि ___सपना___ देख्छन्।

ख. हाम्रा स्वर्गीय पिताले आफ्ना प्रत्येक ___सन्तान___ का लागि सपना देख्नुहुन्छ।

ग. परमेश्वरको सपना भनेको आफ्ना छोराछोरीहरूलाई ___येशू___ जस्तै बनाउनु हो।
(मत्ती ५:४८; रोमी ८:२९; एफिसी ४:१३)

घ. चेला बनाउने परमेश्वरको योजना भनेको ___मन्डली___ हो। (मत्ती ५:१३–१६)

"मन्डलीमा सबैभन्दा ठुलो आवश्यकता भनेको ख्रिस्टियनहरूले वास्तवमा ख्रिस्टियनहरू जस्तै जीवन बिताउनु हो।" – चिप इन्ग्राम

ङ. प्रश्न : ___स्वस्थ___ ___मन्डली___ कस्तो देखिन्छ ?

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 6 5/16/2025 12:50:31 PM

३. स्वस्थ मन्डलीका तीनवटा विशेषता

क. हराएका मानिसहरू **ख्रीष्टकहाँ** **आउँदै** **छन्**।

महान् आज्ञा

"तब येशू तिनीहरूकहाँ आएर यसो भन्नुभयो, 'स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ। यसकारण जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। अनि हेर, म युगको अन्त्यसम्म सधैँभरि तिमीहरूका साथमा रहन्छु।'"

मत्ती २८:१८–२०

ख. भेटिएका मानिसहरू **परिपक्वतामा** **बढ्दै** **छन्**।

महान् आदेश

"तैँले परमप्रभु आफ्ना परमेश्‍वरलाई आफ्नो सारा हृदयले र आफ्नो सारा प्राणले र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो। अनि दोस्रो पनि त्यस्तै छ : तैँले आफ्ना छिमेकीलाई आफैँलाई झैँ प्रेम गर्नू। सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षा यी दुई आज्ञामा आधारित छन्।"

मत्ती २२:३७–४०

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 7 5/16/2025 12:50:31 PM

ग. समुदायमा सुसज्जित मानिसहरूले ___आवश्यकता___ ___परिपूर्ति गर्छन्___ ।

महान् दया

> "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्ने छन्, 'आओ, मेरा पिताका आशिष् पाएकाहरू हो ! संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। किनभने म भोकाएको थिएँ र तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ र तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ र तिमीहरूले मलाई आश्रय दियौ। म नाङ्गै थिएँ र तिमीहरूले मलाई वस्त्र लगाइदियौ। म बिरामी थिएँ र तिमीहरू मलाई भेट्न आयौ। म भ्यालखानामा थिएँ र तिमीहरू मकहाँ आयौ।' तब धर्मी जनहरूले उनलाई जबाफ दिने छन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौँ र खान दियौँ ? अथवा तिर्खाउनुभएको देख्यौँ र पिउन दियौँ ? अनि कहिले हामीले तपाईंलाई परदेशी देख्यौँ र तपाईंलाई आश्रय दियौँ ? अथवा नाङ्गो देख्यौँ र वस्त्र लगाइदियौँ र कहिले हामीले तपाईंलाई बिरामी वा भ्यालखानामा देख्यौँ र तपाईंकहाँ आयौँ ?' तब राजाले तिनीहरूलाई जबाफ दिएर भन्ने छन्, 'साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे जति गऱ्यौ त्यो तिमीहरूले मलाई नै गऱ्यौ।'"
>
> मत्ती २५:३४–४०

तपाईंको मन्डलीले यी तीनवटा काम गर्दा त्यो ___प्रभावशाली___ ___मन्डली___ हुने छ !

४. स्वस्थ मन्डलीहरूलाई चेला बनाउन के चाहिन्छ

क. प्रत्येक मन्डलीलाई चेलापनको __स्पष्ट__ __चित्र__ चाहिन्छ।

ख. प्रत्येक मन्डलीलाई यस्ता अगुवाहरू चाहिन्छ जो __पहिले__ चेलाहरू हुन् र __त्यसपछि__ मात्र अगुवाहरू।

> "एउटा मन्डली आफ्ना पास्टरको आत्मिक नेतृत्व र आफ्ना चेलाहरूको शक्तिमा उठ्ने र पतन हुने गर्दछ।" – डेनिस बारिल

ग. प्रत्येक मन्डलीलाई चेला बनाउनका लागि एउटा __वृत्तान्त__ र एउटा __प्रक्रिया__ चाहिन्छ।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 9 5/16/2025 12:50:31 PM

५. चेलाको वृत्तान्त : रोमी १२

१ यसकारण भाइ हो, परमेश्वरको कृपाद्वारा म तिमीहरूलाई अनुरोध गर्दछु कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आआफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।

२ यस संसारको ढाँचामा नचल तर आफ्ना मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ ताकि परमेश्वरको असल, ग्रहणयोग्य र सिद्धइच्छा के हो त्यो तिमीहरूले जाँच्न सक।

३ किनभने मलाई दिइएको अनुग्रहद्वारा तिमीहरूमध्ये हरेकलाई म आग्रह गर्दछु कि जसले आफूलाई जस्तो सम्भनुपर्छ त्यसभन्दा बढी नसम्भोस् तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्।
४ किनकि जसरी हाम्रो एउटै शरीरमा धेरै अङ्ग हुन्छन् तर सबै अङ्गको एउटै काम हुँदैन।
५ त्यसरी नै हामी जो धेरै छौँ हामी पनि ख्रीष्टमा एउटै शरीर हौँ र प्रत्येक एकअर्काका अङ्ग हौँ।
६ हामीलाई दिइएको अनुग्रहअनुसार हामी अलग अलग वरदानहरू प्रयोग गरौँ : अगमवाणीको हो भने विश्वासको परिमाणअनुसार;
७ सेवाको हो भने सेवाको काममा; शिक्षा दिनेले शिक्षा दिने काममा;
८ अर्तीउपदेश दिनेले अर्तीउपदेश दिने काममा; दिनेले उदारचित्तले; नेतृत्व गर्नेले दत्तचित्तसाथ; कृपाको काम गर्नेले खुसीसित।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 10 5/16/2025 12:50:31 PM

९ प्रेम निष्कपट होस्। जुन कुरा खराब छ त्यसलाई घृणा गर। जुन कुरा असल छ त्यसमा लागिर
हो। १० भ्रातृप्रेमसँग एकअर्कालाई प्रेम गर। आफूलाई भन्दा बढी अरूलाई आदर गर। ११ जोसमा
पछि नहट। आत्मामा जोसिला होओ, प्रभुको सेवा गर्दै रहो। १२ आफ्ना आशामा आनन्द गर,
सङ्कष्टमा धैर्यधारण गर, प्रार्थनामा निरन्तर लागिरहो। १३ सन्तहरूको खाँचोमा सहायता देओ,
अतिथिसत्कार कायम राख।

१४ तिमीहरूको खेदो गर्नेहरूलाई आशीर्वाद देओ, नसराप।

१५ आनन्द गर्नेहरूसँग आनन्द गर। रुनेहरूसँग रोओ। १६ एकअर्कासँग मिलेर बस, अभिमानी
नहोओ तर नम्रहरूसँग सङ्गत गर। कहिल्यै पनि आफ्नै दृष्टिमा बुद्धिमान् नहोओ। १७ कसैलाई
खराबको सट्टा खराब नगर। जुन कुरा सबै मानिसका दृष्टिमा आदरणीय छ तिनमा ध्यान देओ।
१८ हुन सक्छ भने तिमीहरूबाट जहाँसम्म हुन सक्छ सबैसँग शान्तिमा बस। १९ प्रिय हो, आफैँले
कहिल्यै बदला नलेओ तर परमेश्वरको क्रोधमा छोडिदेओ किनभने लेखिएको छ, "बदला लिने काम
मेरो हो, म नै बदला लिने छु" परमप्रभु भन्नुहुन्छ। २० बरु, "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई
खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ। त्यसो गर्नाले तिमीले त्यसका टाउकामा
आगोको भुङ्ग्रो खन्याउने छौ।" २१ खराबीबाट पराजित नहोओ तर खराबीलाई भलाइले जित।

रोमी १२:१–२१

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 11 5/16/2025 12:50:31 PM

क. रोमी १२ मा पाइने पाँच प्रमुख सम्बन्ध :

परमेश्वर (पद १)

संसार (पद २)

आफैं (पद ३-८)

विश्वासी (पद ९-१३)

अविश्वासी (पद १४-२१)

ख. एउटा चेला ले रोमी १२ लाई कसरी प्रतिक्रिया दिन्छ :

परमेश्वर — मेरो जीवनको समर्पण

संसार — संसारका मूल्यमान्यताहरूबाट अलग

तपाईं आफैं — गम्भीर आत्ममूल्याङ्कन

विश्वासीहरू — प्रेममा सेवा गर्नु

अविश्वासीहरू — अलौकिक रूपमा खराबीलाई भलाइले प्रतिक्रिया दिनु

ग. यो नछुटाउनुहोस् : साँचो चेलापनका विशेषताहरू :

- अनुग्रहमा आधारित, काममा आधारित होइन
- सम्बन्धात्मक, लेनदेनसित सम्बन्धित होइन
- व्यावहारिक, सैद्धान्तिक होइन
- मापनयोग्य, अस्पष्ट होइन

६. चुनौती

क. तपाईंसित जे छैन त्यो तपाईं दिन सक्नुहुन्न। हाम्रा मानिसहरू जे बनुन् भनी हामी चाहन्छौँ हामी त्यही बन्नुपर्छ।

ख. परमेश्वरले हामीद्वारा शक्तिशाली ढङ्गमा काम गर्नुअगि उहाँले हामीमा गहन रूपमा काम गर्नुपर्छ।

नेतृत्वको प्रतिबद्धता

- म येशूका लागि अगुवा हुनुअगि येशूको चेला बन्न प्रतिबद्ध छु।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 13 5/16/2025 12:50:32 PM

संलग्न हुनुहोस् – व्यक्तिगत चिन्तन र छलफल

१. चिन्तन : दृष्टिकोण प्राप्त गर्नलाई चेलाको प्रत्येक विशेषताका लागि १–१० को स्केलमा आफू र आफ्नो मन्डलीको मूल्याङ्कन गर्नुहोस् :

> "म आफ्ना सम्पूर्ण हृदयले तपाईंलाई खोज्छु, तपाईंका आज्ञाबाट मलाई बहकेर जान नदिनुहोस् !"
>
> भजनसङ्ग्रह ११९:१०

परमेश्वरप्रति मेरो जीवनको समर्पण

	वृद्धिको क्षेत्र									शक्तिको क्षेत्र
आत्म	१	२	३	४	५	६	७	८	९	१०
मन्डली	१	२	३	४	५	६	७	८	९	१०

गम्भीर आत्ममूल्याङ्कन

	वृद्धिको क्षेत्र									शक्तिको क्षेत्र
आत्म	१	२	३	४	५	६	७	८	९	१०
मन्डली	१	२	३	४	५	६	७	८	९	१०

गम्भीर आत्ममूल्याङ्कन

	वृद्धिको क्षेत्र									शक्तिको क्षेत्र
आत्म	१	२	३	४	५	६	७	८	९	१०
मन्डली	१	२	३	४	५	६	७	८	९	१०

प्रेममा अन्य विश्वासीहरूको सेवा गर्नु

	वृद्धिको क्षेत्र									शक्तिको क्षेत्र
आत्म	१	२	३	४	५	६	७	८	९	१०
मन्डली	१	२	३	४	५	६	७	८	९	१०

अलौकिक रूपमा खराबीलाई भलाइले प्रतिक्रिया दिनु

	वृद्धिको क्षेत्र									शक्तिको क्षेत्र
आत्म	१	२	३	४	५	६	७	८	९	१०
मन्डली	१	२	३	४	५	६	७	८	९	१०

२. छलफल : ३–५ जनाको समूह बनाई माथि तपाईंको मूल्याङ्कनको आधारमा एउटा व्यक्तिगत शक्ति र एउटा व्यक्तिगत कमजोरीको बारेमा बाँडचुँड गर्नुहोस्।

____

____

____

३. परमेश्वरको राज्यमा अगुवा हुनुको अर्थ के हो भनेर देखाउनका लागि उहाँलाई प्रार्थना गर्न १ वा २ जना व्यक्ति छान्नुहोस्।

प्रभावशाली मन्डली

चेलाको वृत्तान्त

सत्र दुई

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 16 5/16/2025 12:50:33 PM

परमेश्वर मबाट के चाहनुहुन्छ ?

रोमी १२ मा उल्लिखित चेलाको पहिलो विशेषता **परमेश्वर**सित भएको हाम्रो सम्बन्धसँग सम्बन्धित छ।

परमेश्वर मबाट के चाहनुहुन्छ ?

> यसकारण भाइ हो, परमेश्वरको कृपाद्वारा म तिमीहरूलाई अनुरोध गर्दछु कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आआफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यो नै तपाईंको साँचो र उचित आराधना हो।
>
> रोमी १२:१

क. आज्ञा : "आआफ्ना शरीरलाई ... जिउँदो बलिको रूपमा **अर्पण गर**"

ख. प्रेरणा : "परमेश्वरको **कृपा**"

ग. कारण : "आत्मिक **उपासना**।"

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 17 5/16/2025 12:50:33 PM

२. समर्पण नै साँचो उपासना हो

क. परमेश्वरले **तपाईंको** **समग्र** चाहनुहुन्छ! (प्रस्थान २०:३; मत्ती ६:३३)

> "स्वर्गको राज्य कुनै एउटा बारीमा गाडी राखिएको गाडधन जस्तो हो जुन एक जना मानिसले भेट्टाएर लुकाइराख्दछ र आनन्दित भएर ऊ जान्छ र आफूसित भएका सबै बेच्छ अनि त्यो बारी किन्छ। फेरि स्वर्गको राज्य असल मोतीहरू खोज्ने एक जना व्यापारी जस्तो हो जसले एउटा बहुमूल्य मोती भेट्टाएपछि गएर आफूसँग भएका सबै बेचेर त्यो मोती किन्यो।"
>
> मत्ती १३:४४–४६

ख. **समस्या** : हामीमा समर्पणलाई **नकारात्मक** र **पराजय** को रूपमा हेर्ने झुकाव छ।

ग. **सत्यता** : समर्पण एउटा **प्रक्रिया** हो जसबाट परमेश्वरको सर्वोत्तम र महानतम आशिष् बहन्छ। (भजनसङ्ग्रह ८४:११)

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 18 5/16/2025 12:50:33 PM

घ. समर्पण **निर्णय** र **प्रक्रिया** हो। यो जीवनशैलीतर्फ डोऱ्याउने छनोट हो।

> तब उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ। तिमीहरू यहीँ बस र मसँगै जागा रहो।" अनि उहाँ अलि पर गएर घोप्टो पर्नुभयो र यसो भन्दै प्रार्थना गर्नुभयो : "हे मेरा पिता, यदि हुन सक्छ भने यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्।"
>
> मत्ती २६:३८–३९

ङ. हामी परमेश्वरलाई **अर्को चिज** दिएर **सबै थोक** दिन्छौँ।

> उहाँले भन्नुभयो, "तेरो छोरो अर्थात् तैँले माया गरेको तेरो एक मात्र छोरो इसहाकलाई लिएर मोरियाहको देशमा गई मैले तँलाई देखाएको डाँडामा उसलाई होमबलि गर्।"
>
> उत्पत्ति २२:२

नेतृत्वको प्रतिबद्धता

- म जे छु र मसँग जे जति छन् ती सबै परमेश्वरलाई **समर्पण गर्न** प्रतिबद्ध छु।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 20 5/16/2025 12:50:33 PM

संलग्न हुनुहोस् – छलफल

१. ३–५ जनाको समूह बनाउनुहोस्। तपाईंको विचारमा किन धेरै ख्रिस्टियनले समर्पित जीवन बिताउँदैनन् ?

२. तपाईंको 'इसहाक' के वा को हो ? परमेश्वरले तपाईंबाट अर्को कुन चिज मागिरहनुभएको छ ?

३. तपाईंको 'इसहाक' उहाँमा समर्पण गर्न परमेश्वरले तपाईंलाई शक्ति प्रदान गरुन् भनी प्रार्थना गर्न १ वा २ जना व्यक्ति छान्नुहोस्।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 21 5/16/2025 12:50:33 PM

LIVING ON THE EDGE

प्रभावशाली मन्डली

मेरो जीवनका लागि मैले कसरी परमेश्वरको सर्वोत्तम कुरो प्राप्त गर्ने ?

सत्र तीन

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 22 5/16/2025 12:50:33 PM

मेरो जीवनका लागि मैले कसरी परमेश्वर को सर्वोत्तम कुरो प्राप्त गर्ने ?

रोमी १२ मा उल्लिखित चेलाको दोस्रो विशेषता **संसार**सित भएको हाम्रो सम्बन्धसँग सम्बन्धित छ।

१. तपाईंको जीवनका लागि परमेश्वरको सर्वोत्तम कुरो कसरी प्राप्त गर्ने

> यस संसारको ढाँचामा नचल तर आफ्ना मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ ताकि परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो त्यो तिमीहरूले जाँच्न सक।
>
> रोमी १२:२

क. किन यति धेरै मुक्तिसम्बन्धी ___निर्णय___ र यति थोरै समर्पित ___चेला___ छन् ?

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 23 5/16/2025 12:50:34 PM

ख. **नकारात्मक आज्ञा** : "यस संसारको ढाँचामा नचल ..."

अनुवाद : यस वर्तमान विश्व प्रणालीका ___प्रभावहरू___ र दबाबहरूद्वारा आफूलाई ढाल्न अनुमति दिन बन्द गर्नुहोस्।

प्रयोग : हामी संसारका मूल्यमान्यताहरूबाट ___अलग___ हुनुपर्छ।

ग. **सकारात्मक आदेश** : "... आफ्ना मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ।"

अनुवाद : पवित्र आत्माको नवीकरण गर्ने प्रक्रियासँग क्षण क्षणमा पूर्ण हृदयले सहयोग गरी परमेश्वरलाई तपाईंको भित्री सोच र बाहिरी व्यवहारलाई पूर्ण रूपमा परिवर्तन गर्न अनुमति दिनुहोस्।

प्रयोग : हामी ___वचन___द्वारा प्रभावित हुनुपर्छ, ___संसार___ द्वारा होइन।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 24 5/16/2025 12:50:34 PM

२. संसारका मूल्यमान्यताहरूबाट अलग

संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। किनकि संसारमा भएका सबै थोक अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको सेखी पिताबाट आएका होइनन् तर संसारबाट आएका हुन्। संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ तर परमेश्वरको इच्छा पूरा गर्ने चाहिँ सधैँका निम्ति रहन्छ।

१ युहन्ना २:१५-१७

सारांश : संसारको व्यवस्थाले हामीलाई **सुख**, **सम्पत्ति** र **स्थिति** द्वारा ख्रीष्टको प्रेमबाट बहकाउन खोज्छ।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 25 5/16/2025 12:50:34 PM

३. तपाईंको मन परिवर्तन गर्ने सिद्धान्तहरू

क. यो एउटा __निरन्तर__ प्रक्रिया हो। (कलस्सी ३:१–४)

ख. यो एउटा __युद्ध__ हो। (२ कोरिन्थी १०:४–५)

ग. यो पवित्र आत्माको एउटा __अलौकिक__ काम हो। (रोमी ८:५–६)

४. तपाईंको मन परिवर्तन गर्ने व्यावहारिक तरिकाहरू

क. परमेश्वरको वचन __सुन्नुहोस्__ (रोमी १०:१७)

ख. परमेश्वरको वचन __पढ्नुहोस्__ (प्रकाश १:३)

ग. परमेश्वरको वचन __अध्ययन गर्नुहोस्__ (२ तिमोथी २:१५)

घ. परमेश्वरको वचन __कण्ठस्थ पार्नुहोस्__ (भजनसङ्ग्रह ११९:९,११)

ङ. परमेश्वरको वचनमा __मनन गर्नुहोस्__ (यहोसु १:८)

"हामी बाइबलका मानिसहरू बन्नु आवश्यक छ : यसले के भन्छ भनेर जान्ने मानिसहरू मात्र होइन तर बाइबलअनुसार बाँच्ने र त्यसअनुसार चल्ने मानिसहरू, धर्मशास्त्रमा भिजेका मानिसहरू, बाँच्ने र सास फेर्ने मानिसहरू बन्नु आवश्यक छ।" - एन. टी. राइट

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 26 5/16/2025 12:50:34 PM

नेतृत्वको प्रतिबद्धता

- संसारका ___परीक्षाहरू___ बाट मलाई बचाउन उहाँको वचनद्वारा रूपान्तरित हुनका लागि म दैनिक परमेश्वरसँग समय बिताउन प्रतिबद्ध छु।

संलग्न हुनुहोस् – व्यक्तिगत चिन्तन र छलफल

१. परमेश्वरको वचनमा समय बिताउन तपाईंलाई के कस्ता बाधाहरूले रोक्छन् ?

___

___

___

२. ३–५ जनाको समूहमा बनाई फिलिप्पी ४:८ ठुलो स्वरमा पढ्नलाई एक व्यक्ति छान्नुहोस् :

> अन्त्यमा भाइ हो, जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्यायसङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रिय छ, जे कुरो कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसाको योग्य केही छ भने यिनै कुराका विचार गर।
>
> फिलिप्पी ४:८

३. प्रत्येक व्यक्तिलाई आफ्नो जीवन वा सेवाकार्यबाट केही बाँड्न दिनुहोस् जुन या त सत्य, महान्, सही, शुद्ध, प्यारो, प्रशंसनीय, उत्कृष्ट वा प्रशंसाको योग्य छ।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 27 5/16/2025 12:50:34 PM

LIVING ON THE EDGE

प्रभावशाली मन्डली

मेरो जीवनका लागि परमेश्वरको उद्‌देश्य के हो ?

सत्र चार

मेरो जीवनका लागि परमेश्वरको उद्देश्य के हो ?

रोमी १२ मा उल्लिखित चेलाको तेस्रो विशेषता हामी **आफैँ**सित भएको हाम्रो सम्बन्धसँग सम्बन्धित छ।

१. तीनवटा विश्वव्यापी प्रश्न

क. म को हुँ ? (**मेरो पहिचान**)

ख. म कहाँको हुँ ? (**मेरो सुरक्षा**)

ग. मैले के गर्नुपर्छ ? (**मेरो महत्त्व**)

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 29 5/16/2025 12:50:34 PM

२. मेरो पहिचान

> किनभने मलाई दिइएको अनुग्रहद्वारा तिमीहरूमध्ये हरेकलाई म आग्रह गर्दछु कि जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढी नसम्झोस् तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्।
>
> रोमी १२:३

आज्ञा : आफ्नो बारेमा **सही तरिकाले** सोच्नुहोस्।

म को हुँ ? म चुनिएको, पवित्र, परमेश्वरको सन्तान र उहाँको अनुग्रहको प्रापक हुँ (एफिसी १:४–८)।

३. मेरो सुरक्षा

> किनकि जसरी हाम्रो एउटै शरीरमा धेरै अङ्ग हुन्छन् तर सबै अङ्गको एउटै काम हुँदैन त्यसरी नै हामी जो धेरै छौं हामी पनि ख्रीष्टमा एउटै शरीर हौं र प्रत्येक एकअर्काका अङ्ग हौं।
>
> रोमी १२:४–५

आज्ञा : परमेश्वरले दिनुभएको **भूमिका** पूरा गर्नुहोस्।

म कहाँको हुँ ? परमेश्वरको परिवारको।

४. मेरो महत्त्व

> हामीलाई दिइएको अनुग्रहअनुसार हामी अलग अलग वरदानहरू प्रयोग गरौँ : अगमवाणीको हो भने विश्वासको परिमाणअनुसार; सेवाको हो भने सेवाको काममा; शिक्षा दिनेले शिक्षा दिने काममा; अर्तीउपदेश दिनेले अर्तीउपदेश दिने काममा; दिनेले उदारचित्तले; नेतृत्व गर्नेले दत्तचित्तसाथ; कृपाको काम गर्नेले खुसीसित।
>
> रोमी १२:६–८

आज्ञा : आफ्ना आत्मिक वरदानहरू पत्ता लगाई **प्रयोग गर्नुहोस्**।

मैले के गर्नुपर्छ ? प्रेममा एकअर्काको सेवा गर्नुहोस् (हामी अर्को सत्रमा यस विषयमा केन्द्रित हुने छौँ)।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 31 5/16/2025 12:50:35 PM

५. अगुवाको रूपमा

क. मेरो पहिचान : तपाईं परमेश्वरको अनुग्रहद्वारा **बिनासर्त** स्वीकार गरिनुभएको छ। त्यसकारण तपाईं उहाँको अनुमोदन **का लागि** होइन तर उहाँको अनुमोदन **बाट** जिउनुहुन्छ र सेवा गर्नुहुन्छ।

> किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ र यो तिमीहरू आफैँबाट होइन, यो त परमेश्वरको वरदान हो, कामहरूद्वारा होइन, त्यसैले कसैले घमन्ड गर्न नपाओस्।
>
> एफिसी २:८–९

ख. मेरो सुरक्षा : तपाईं जहाँ हुनु आवश्यक छ परमेश्वरले तपाईंलाई त्यहीँ राख्नुहुन्छ। हरेक पटक तपाईंले आफूलाई अरू अगुवाहरूसँग **तुलना** गर्नुहुँदा तपाईं सधैँ **हार्नुहुन्छ**।

> किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सिर्जना गरिएका उहाँका हातका सिप हौँ। हामी तीबमोजिम हिँडौँ भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।
>
> एफिसी २:१०

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 32 5/16/2025 12:50:35 PM

ग. मेरो महत्त्व : मन्डलीमा एक अगुवाको रूपमा तपाईंले अरूलाई सेवा गर्न सुसज्जित गर्नुपर्छ।

> अनि उहाँका वरदानहरू चाहिँ यिनै थिए कि कोही प्रेरित, कोही अगमवक्ता, कोही प्रचारक, कोही मन्डलीका पास्टर र शिक्षकहरू बनुन् ताकि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होउन्।
>
> एफिसी ४:११-१२

नेतृत्वको प्रतिबद्धता

- म सेवाको काम पूरा गर्न परमेश्वरको अनुग्रह र परमेश्वरका मानिसहरू मा भर पर्न प्रतिबद्ध छु किनकि म आफैँ सबै कुरा गर्न सक्दिनँ।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 33 5/16/2025 12:50:35 PM

संलग्न हुनुहोस् – व्यक्तिगत चिन्तन र छलफल

१. व्यक्तिगत चिन्तनको मूल्याङ्कन :

अरूलाई सुसज्जित गर्ने तरिकामा म कसरी सुधार गर्न सक्छु ?

____

____

____

क. रोमी १२ को आधारमा परमेश्वरले तपाईंलाई दिनुभएका प्राथमिक आत्मिक वरदानहरू पहिचान गर्नुहोस् :

- ○ अगमवाणी
- ○ उत्साह दिने
- ○ अगुवाइ गर्ने
- ○ सेवा गर्ने
- ○ दिने
- ○ दया देखाउने
- ○ सिकाउने

ख. व्यक्तिगत चिन्तन : तपाईंको प्राथमिक आत्मिक वरदानमा बढी ध्यान केन्द्रित गर्नबाट तपाईंलाई केले रोकिरहेको छ ?

____

____

____

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 34 5/16/2025 12:50:35 PM

ग. आफ्नो कामलाई तीनवटा व्यापक वर्गमा विचार गर्नुहोस् :

मैले गर्नैपर्छ (ध्यान केन्द्रित गर्ने मौका)	**मैले गर्नुपर्छ** (मूल्याङ्कन गर्ने मौका)	**मैले गर्न सक्छु** (प्रतिनिधि नियुक्त गर्ने मौका)
उच्च प्राथमिकता ←		→ कम प्राथमिकता
______	______	______
______	______	______
______	______	______
______	______	______
______	______	______
______	______	______
______	______	______
______	______	______
______	______	______

२. छलफल : ३–५ जनाको समूह बनाउनुहोस्। यस सत्रको आधारमा तपाईंले आफ्नो बारेमा पत्ता लगाउनुभएको एउटा प्रमुख अन्तर्दृष्टि वा महत्त्वपूर्ण सम्झना के हो ?

____

____

____

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 35 5/16/2025 12:50:35 PM

LIVING ON THE EDGE

प्रभावशाली मन्डली

म कसरी समुदायको अनुभव गर्छु ?

सत्र पाँच

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 36 5/16/2025 12:50:35 PM

म कसरी समुदायको अनुभव गर्छु ?

रोमी १२ मा उल्लिखित चेलाको चौथो विशेषता **विश्वासीहरू**सित भएको हाम्रो सम्बन्धसँग सम्बन्धित छ।

१. आत्मिक रूपमा बढ्न के चाहिन्छ ?

क. प्रश्न : किन धेरै असल, इमानदार ख्रिस्टियनहरू __आत्मिक रूपमा__ __अड्किन्छन्__ ?

ख. धेरै ख्रिस्टियनले आफूलाई सही __वातावरण__ मा राख्दैनन्।

ग. सही वातावरण चाहिँ __प्रामाणिक__ __समुदाय__ हो।

> प्रेम निष्कपट होस्। जुन कुरा खराब छ त्यसलाई घृणा गर। जुन कुरा असल छ त्यसमा लागिरहो। भ्रातृप्रेमसँग एकअर्कालाई प्रेम गर। आफूलाई भन्दा बढी अरूलाई आदर गर। जोसमा पछि नहट। आत्मामा जोसिला होओ, प्रभुको सेवा गर्दै रहो। आफ्ना आशामा आनन्द गर, सङ्कष्टमा धैर्यधारण गर, प्रार्थनामा निरन्तर लागिरहो। सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख।
>
> रोमी १२:९-१३

घ. प्राामाणिक समुदाय सामान्यतया ___सानो___ ___समूह___ मा पाइन्छ।

ङ. ध्यान दिनुहोस् : सबै साना समूहले ___प्रामाणिक___ ___समुदाय___ को सिर्जना गर्दैनन् !

च. प्रामाणिक समुदाय तब हुन्छ जब हामी ___प्रेममा___ ___सेवा___ ___गर्छौं___।

छ. हामी प्रामाणिक समुदायमा ___बहकिन___ सक्दैनौँ, यसका लागि इरादा र अनुशासन चाहिन्छ।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 38 5/16/2025 12:50:36 PM

२. प्रेममा सेवा गर्नुको अर्थ के हो ?

क. यसो गरिएमा प्रेममा सेवा हुन्छ :

वास्तविक ______ तपाईं (रोमी १२:९),

वास्तविक खाँचा ______ लाई पूरा गर्ने (रोमी १२:१०),

सही कारणहरू ______ का लागि (रोमी १२:११),

सही ______ तरिकाले ______ (रोमी १२:१२–१३)।

ख. वास्तविक तपाईं, आफ्नो बारेमा अनुमान ______ होइन।

प्रामाणिकता – "प्रेम निष्कपट होस्"

शुद्धता – " जुन कुरा खराब छ त्यसलाई घृणा गर। जुन कुरा असल छ त्यसमा लागिरहो।"

ग. वास्तविक आवश्यकताहरू पूरा गर्दछ, सतही ______ कुराहरू होइन।

भक्ति – "भ्रातृप्रेमसँग एकअर्कालाई प्रेम गर"

नम्रता – "आफूलाई भन्दा बढी अरूलाई आदर गर।"

घ. सही कारणहरूका लागि, मानिसहरूलाई खुसी पार्न ______ होइन।

मनसाय – "जोसमा पछि नहट। आत्मामा जोसिला होओ, प्रभुको सेवा गर्दै रहो।"

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 39 5/16/2025 12:50:36 PM

घ. सही तरिकाले, हाम्रो आफ्नै ___शक्ति___ मा होइन।

माथितिर ध्यान केन्द्रित – "आफ्ना आशामा आनन्द गर, सङ्कष्टमा धैर्यधारण गर, प्रार्थनामा निरन्तर लागिरहो।"

बाहिरतिर ध्यान केन्द्रित – "सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख।"

३. के तपाईं प्रामाणिक समुदायमा बस्दै हुनुहुन्छ ?

तपाईंको जीवनसाथीबाहेक के तपाईंको जीवनमा यस्ता व्यक्तिहरू पनि छन् जसले ...

क. तपाईंलाई ___चिन्छन्___ ?

ख. तपाईंलाई ___माया गर्छन्___ ?

ग. तपाईंलाई ___साँचो कुरो___ भन्छन् ?

घ. तपाईंलाई ___उत्साह दिन्छन्___ ?

ङ. जसलाई तपाईं ___मध्यरातमा___ बोलाउन सक्नुहुन्छ ?

च. जसको तपाईंले ___सेवा गर्दै___ हुनुहुन्छ ?

छ. तपाईंको ___सेवा गर्दै___ छन् ?

अगुवाहरूले जति अरूलाई प्रामाणिक समुदाय *प्रदान गर्छन्* त्यति नै आफूले पनि त्यसलाई *स्वीकार गर्न* सिक्नुपर्छ।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 40 5/16/2025 12:50:36 PM

नेतृत्वको प्रतिबद्धता

म <u>सतही</u> सम्बन्धहरूभन्दा पर जान प्रतिबद्ध छु र म प्रेममा अरूको सेवा गरेर प्रामाणिक समुदायमा बस्ने छु।

संलग्न हुनुहोस् – व्यक्तिगत चिन्तन र छलफल

१. चिन्तन : "के तपाईं प्रामाणिक समुदायमा बस्नुहुन्छ" अन्तर्गतका प्रश्नहरूको आधारमा आफ्ना नजिकका सम्बन्धहरूको मूल्याङ्कन गर्नुहोस्– तपाईं कत्तिको राम्रो गर्दै हुनुहुन्छ ?

वृद्धिको क्षेत्र — शक्तिको क्षेत्र

१	२	३	४	५	६	७	८	९	१०

२. चिन्तन : तपाईंको सबैभन्दा नजिकका २–३ जना व्यक्तिहरू को को हुन् ? उनीहरूसँगको सम्बन्धलाई अझ गहिरो बनाउन तपाईं के कस्ता विशेष कार्यहरू गर्न सक्नुहुन्छ ?

____

____

____

३. जीवनदायी सम्बन्धहरूमा अरूसित राम्रोसँग जोडिनका लागि एकअर्कालाई प्रार्थना गर्न १ वा २ जना व्यक्ति छान्नुहोस्।

प्रभावशाली
मन्डली

मप्रति लक्षित दुष्ट्याइँलाई म कसरी जित्न सक्छु ?

सत्र छ

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 42 5/16/2025 12:50:36 PM

मप्रति लक्षित दुष्ट्याइँलाई म कसरी जित्न सक्छु ?

रोमी १२ मा उल्लिखित चेलाको पाँचौँ विशेषता **अविश्वासीहरू**सित भएको हाम्रो सम्बन्धसँग सम्बन्धित छ।

१. असम्भव कुरो कसरी गर्ने

> तिमीहरूको खेदो गर्नेहरूलाई आशीर्वाद देओ, नसराप। आनन्द गर्नेहरूसँग आनन्द गर। रुनेहरूसँग रोओ। एकअर्कासँग मिलेर बस, अभिमानी नहोओ तर नम्रहरूसँग सङ्गत गर। कहिल्यै पनि आफ्नै दृष्टिमा बुद्धिमान् नहोओ। कसैलाई खराबको सट्टा खराब नगर। जुन कुरा सबै मानिसका दृष्टिमा आदरणीय छ तिनमा ध्यान देओ। हुन सक्छ भने तिमीहरूबाट जहाँसम्म हुन सक्छ सबैसँग शान्तिमा बस। प्रिय हो, आफैँले कहिल्यै बदला नलेओ तर परमेश्वरको क्रोधमा छोडिदेओ किनभने लेखिएको छ, "बदला लिने काम मेरो हो, म नै बदला लिने छु" परमप्रभु भन्नुहुन्छ। बरु, "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ। त्यसो गर्नाले तिमीले त्यसका टाउकामा आगोको भुङ्ग्रो खन्याउने छौ।" खराबीबाट पराजित नहोओ तर खराबीलाई भलाइले जित।
>
> रोमी १२:१४-२१

क. रोमी १२ का ख्रिस्टियन बन्नु **मुस्किल** मात्र होइन ... तर **असम्भव** नै छ !

ख. **सकारात्मक आदेश** : "तिमीहरूको खेदो गर्नेहरूलाई आशीर्वाद देओ।"

क्षमा – "तिमीहरूको खेदो गर्नेहरूलाई आशीर्वाद देओ"

पहिचान – "आनन्द गर्नेहरूसँग आनन्द गर। रुनेहरूसँग रोओ।"

सम्बन्ध – "एकअर्कासँग मिलेर बस, अभिमानी नहोओ तर नम्रहरूसँग सङ्गत गर। कहिल्यै पनि आफ्नै दृष्टिमा बुद्धिमान् नहोओ।"

ग. **नकारात्मक आदेश** : "कसैलाई खराबको सट्टा खराब नगर। ... बदला नलेओ।"

व्यक्तिगत बदला लिन निषेध गर्नुका दुईवटा बाध्यकारी कारण :

अ. यसले **न्यायाधीश**को रूपमा परमेश्वरको भूमिकालाई हडप्छ। "परमेश्वरको क्रोधमा छोडिदेओ।"

आ. यो **शान्ति** ल्याउने अप्रभावकारी माध्यम हो। "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ।"

घ. **अलौकिक परिणाम** : **भलाइ** ले खराबीलाई जित्ने छ। "खराबीलाई भलाइले जित।"

२. दुष्ट्याइँप्रति अलौकिक प्रतिक्रिया

क. बुझ्नुहोस् कि **तिक्तता** भनेको आफूले **विष** पिई अर्को व्यक्ति बिरामी हुने आशा गर्नु जस्तै हो।

ख. तिक्तताको विषको औषधि **क्षमा** हो।

ग. क्षमाको यात्रा **सुरु गर्नुहोस्**।



घ. प्रश्न : आफ्नो **तिक्तता** का लागि तपाईं कत्तिको **आत्मिक शक्ति** त्याग्न तयार हुनुहुन्छ ?

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 45
5/16/2025 12:50:37 PM

नेतृत्वको प्रतिबद्धता

- मप्रति लक्षित दुष्ट्याइँलाई क्षमा गर्ने यात्रा सुरु गर्न परमेश्वरको आत्मिक शक्ति मा भर पर्न म प्रतिबद्ध छु।

संलग्न हुनुहोस् – छलफल

१. ३–५ जनाको समूह बनाउनुहोस्। जसरी यहूदाले येशूलाई धोका दियो त्यसरी नै तपाईंलाई सबैभन्दा बढी कसले धोका दियो ? के भयो र परमेश्वरले तपाईंलाई उक्त सम्बन्धबारे के गर्न भनिरहनुभएको छ ?

____

____

____

२. यस व्यक्तिलाई क्षमा गर्न तपाईंले चाल्नुहुने पहिलो कदम के हुने छ ? उक्त कदम चाल्नलाई के कसैले तपाईंलाई मदत सक्छ ?

____

____

____

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 46 5/16/2025 12:50:37 PM

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 47 5/16/2025 12:50:37 PM

प्रभावशाली
मन्डली

अब के गर्ने ?

सत्र सात

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 48 5/16/2025 12:50:37 PM

बधाई छ !

यहाँ अब के गर्ने भन्ने कुरो छ :

तपाईंको यात्रा यहीँ रोकिँदैन ।

तपाईंलाई प्रभावशाली मन्डली निर्माण गर्न मदत मिलोस् भन्नाका लागि रचना गरिएका विभिन्न निःशुल्क स्रोतहरू प्रदान गर्न हामी उत्साहित छौँ। साथै, हामी तपाईंबाट सुन्न चाहन्छौँ ! यी स्रोत प्राप्त गर्न तलको कोड स्क्यान गर्नुहोस् र आफ्नो प्रतिक्रिया दिन द्रुत सर्वेक्षणमा भाग लिनुहोस्। हामी सँगसँगै सिक्दै र बढ्दै जाऔँ !

LOTE.me/HIC

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 49 5/16/2025 12:50:38 PM

१. उच्च प्रभाव पार्ने मन्डलीका तीनवटा घटक



१) स्वस्थ मन्डली (३ ओटा विशेषता)

- हराएका मानिसहरू ख्रीष्टकहाँ आउँदै
- भेट्टाइएका मानिसहरू परिपक्वतामा बढ्दै
- सुसज्जित पारिएका मानिसहरू समुदायमा आवश्यकताहरू परिपूर्ति गर्दै

२) स्वस्थ चेला (रोमी १२)

- मेरो जीवनको समर्पण
- संसारका मूल्यमान्यताहरूबाट अलग
- गम्भीर आत्ममूल्याङ्कन
- प्रेममा सेवा गर्नु
- अलौकिक रूपमा खराबीलाई भलाइले प्रतिक्रिया दिनु

३) स्वस्थ चेलापनको प्रक्रिया (पसमी)

- परमेश्वरको सामु
- समुदायमा
- मिसनबारे

२. रोमी १२ का अगुवाको रूपमा काम गर्नु

क. परमेश्वरलाई नयाँ दर्शन का लागि बिन्ती गर्नुहोस्।

परमेश्वरको राज्यमा हरेक महान् काम प्रार्थनाबाट सुरु हुन्छ ! उहाँको इच्छा पूरा गर्न नयाँ विश्वास, बुद्धि र साहसका लागि परमेश्वरलाई बिन्ती गर्नुहोस्।

ख. परिवर्तनको सिर्जना गर्नुहोस् र भित्रपट्टिबाट रोमी १२ का चेलाहरू निर्माण गर्नुहोस्।

आफैँ बाट सुरु गर्नुहोस्, त्यसपछि आफ्ना अगुवाहरू लाई सिकाउनुहोस् र तालिम दिनुहोस् अनि त्यसपछि यसलाई आफ्नो मन्डली मा परिचय गराउनुहोस्।

तपाई : परमेश्वर तपाईंद्वारा काम गर्नुअगि तपाईंमा गहन रूपमा काम गर्न चाहनुहुन्छ। तपाईंका मानिसहरूले तपाईंको उदाहरण पछ्याउने छन्। तपाईं रोमी १२ का चेला हुनुपर्छ ताकि तिनीहरू पनि त्यस्तै एक बन्न सकुन्।

तपाईंका अगुवाहरू : पास्टर, तपाईं आफैँ यी सबै गर्न सक्नुहुन्न ! येशूले जस्तै केही व्यक्तिमा ध्यान केन्द्रित गर्नुहोस्। तपाईंका 'पत्रुस, याकुब र युहन्ना' को को हुन् ? तपाईंका '१२ चेला' को हुन् ? केही व्यक्तिमा लगानी गरेर तपाईंले पहिले रोमी १२ का अगुवाहरूको टोली निर्माण गर्नुहुन्छ। तिनीहरूले नै तपाईंको मन्डलीलाई प्रभावशाली मन्डलीमा रूपान्तरण गर्न मदत गर्ने छन्।

तपाईंको मन्डली : एक पटक तपाईंका अगुवाहरू रोमी १२ का ख्रिस्टियन बन्न प्रतिबद्ध भएपछि अब तपाईंको मन्डलीलाई सिकाउने समय आएको छ !

रोमी १२ का अगुवाको प्रतिबद्धता

परमेश्वरको अनुग्रहले म मेरा मानिसहरू बन्न चाहने व्यक्ति बन्न चाहन्छु। म मेरो असल मनसायलाई कार्यमा परिणत गर्ने छु। त्यसैले

- म येशूको अगुवा हुनुभन्दा पहिले येशूका लागि चेला बन्ने प्रतिबद्धता गर्दछु।
- म जो हुँ र मसित जे जति छन् ती सबै परमेश्वरलाई समर्पण गर्ने प्रतिबद्धता गर्दछु।
- संसारको परीक्षामा पर्नुको सट्टा उहाँको वचनद्वारा रूपान्तरित हुनका लागि नियमित रूपमा परमेश्वरसँग समय बिताउन म प्रतिबद्ध छु।
- म सेवाको काम पूरा गर्न परमेश्वरको अनुग्रह र परमेश्वरका जनहरूमा भर पर्न प्रतिबद्ध छु किनकि म आफैँले यी सबै कुरा गर्न सक्दिनँ।
- म सतही सम्बन्धभन्दा पर जान प्रतिबद्ध छु र प्रेममा अरूको सेवा गरेर प्रामाणिक समुदायमा बस्ने छु।
- मप्रति लक्षित दुष्ट्याइँलाई क्षमा गर्ने यात्रा सुरु गर्न परमेश्वरको आत्मिक शक्तिमा भर पर्न म प्रतिबद्ध छु।

नाम:______________________ मिति:______________

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 52 5/16/2025 12:50:38 PM

२. रोमी १२ का अगुवाको रूपमा काम गर्नु

> "परमप्रभु, भन्नुहोस् किनकि तपाईंको दासले सुन्दै छ।"
>
> १ समुएल ३:९

आज परमेश्वरले तपाईंलाई भन्नुभएको कुराको प्रतिक्रियास्वरूप प्रार्थना लेख्न छोटो समय बिताउनुहोस्।

[Nepali] HIC Profile of a Disciple Manual Master File_05_10_2025.indd 53 5/16/2025 12:50:38 PM